# मन्थली नगरपालिका कार्यालय,मन्थली

## सूचि दर्ता सम्बन्धीत सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०७३।०४।०४

यस कार्यालयको लागि आ.व. २०७३/७४ आवश्यक पर्ने मालसामान सेव तथा निर्माण कार्य सम्बन्धि तपशिल अनुसारको कार्य गर्नको लागि इच्छुक इजाजत प्रप्त फर्म कम्पनी वा संस्थाहरु सार्वजाकि खरिद नियमावली २०६४ को नियम (१८) अनुसार मौजुदा सूचि (standing List) दर्ताको लागि आवाश्यक कागजातको छायाप्रति संलग्न राखी निवेदनकमा रु. १०।- को टिकट टाँस गरी यो सूचना प्रथम पटक प्रकाशित मितिले १५ दिन भित्र आर्थिक प्रशासन शाखामा रित पूर्वक निवेदन दर्ता गराउन हुन यो सूचना प्रकाशित गरिएको छ ।

<u>तपशिल</u>

(क) मालसामान खरिद तथा आपूर्ति तर्फ :

१.स्टेशनरी सामानहरु ( मसलन्द तथा विविध)

२. मेशिनरी उपकरण ( कम्प्युटर,टेलीफोन,इन्टरनेट लगायत इक्ट्रोनिक्स सामान आदि)

३. विद्युतिय सामान तथा उपकरणहरु

४.फर्निचर तथा फनिसिङ्गका सामानहरु

५. पुस्तक तथा पत्रपत्रिकाहरु

६. मोटरसाईकल र गाडी मर्मत तथा तिनका पाटपूर्जाहरु आपूर्ति

७. हाईवयर,सेनेटरी तथा निर्माण सामाग्रीहरु

८. सूचना/ विज्ञापन प्रकाशन,श्रव्य दृश्य निर्माण प्रचारप्रसार तथा प्रसारण सम्बन्धी

(ख) सेवा तथा परामर्श तर्फ :

१. परामर्श सेवा ( विभिन्न कार्यक्रमगत विषयहरुको अनुसन्धान/अध्ययन/प्रतिवेदन/नक्शांकन/ऐन,नियम,नीति,कार्यविधि/निर्देशिका तर्जुमा तथा अन्य)

२. लेखा जिन्सी तथा अन्य सफ्टवयर निर्माण परिमार्जन तथा कन्सल्टेन्सी सेवा

३. टेलिफोन,इन्टरनेट,कम्प्युटर,फ्याक्स, फोटोकपी,प्रिन्टर,क्यामरा,ए.सी.मर्मत लगायत विविध सेवा

४. सार्वजानिक निर्माण सम्बन्धी ईन्जिनियरिङ्ग डिजाईन,लागत अनुमान,सर्भेक्षण,नापजाँच लगायतका नियमित कन्सल्टेन्सी सेवा

५. तालिम सम्बन्धी कन्सल्टेन्सी सेवा

६. सवारी साधन, फर्निचर तथा अन्य सामाग्री मर्मत सम्बन्धी सेवा

७. विभिन्न तालिम,गोष्टी,समारोह,बैठक आदिमा चिया,खाजा तथा खानाको आपूर्ति गर्ने कार्य

८. सवारी साधनहरु भाडामा आपूर्ति गर्ने ( गाडी,जिप,ट्रयाक्टर,डोजर,लोडर आदि )

(ग) सार्वजानिक निर्माण तथा मर्मत सम्बन्धी तर्फ :

१. कार्यालयका भवन पार्टेसन/निर्माण मर्मत सुधार तथा सार्वजानिक निर्माण सम्बन्धी कार्य

२. रङ्गरोगन गर्ने सम्बन्धी कार्य,

३. गार्डेन निर्माण सम्बन्धी गार्डेनिङ्ग तथा ल्याण्डस्कोप सम्बन्धी कार्य ।

<u>निवेदनसाथ संलग्न हुनुपर्ने कागजातहरु</u>

१. फर्म,संस्था वा कम्पनी दर्ता प्रमाण पत्रको छायाप्रती

२. स्थायी लेखा नं. र मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्रको छाँयाप्रती (मू.अ. करमा दर्ता हुनुनपर्नेको हकमा सो को आधिकारीक कागजातको छाँयाप्रती )